(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः८४ मिति२०८२/०१/१६

## भाग-२

## त्रिवेणी गाउँपालिका

**अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८१**

आज्ञाले,

नामः यज्ञ बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

# अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८१

**प्रमाणिकरण मितिः२०८१/१२/२९**

**प्रकाशन मितिः२०८२/०१/११**

**प्रस्तावनाः** अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषद्वारा संचालनमा आएको सामाजिक सुरक्षा योजनामा त्रिवेणी गाउँपालिका भित्रका अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाइ कोषमा आवद्ध गराउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ३४ को हक तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (च) मा भएको व्यवस्थालाइ कार्यन्वयन गर्न दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी  गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि त्रिवेणी  गाउँपालिका कार्यपालिकाबाट स्वीकृत भएको मितिले देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) '**अनौपचारिक क्षेत्रका श्रमिक**' भन्नाले औपचारिक प्रबन्धले नसमेटिने सबै प्रकारका श्रमिकहरु सम्झनु पर्छ।

(ख) '**स्वरोजगार क्षेत्रमा आवद्ध श्रमिक**' भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्वयंले विक्री प्रयोजनको लागि वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।

(ग) '**ऐन**' भन्नाले सङ्घीय सरकारले बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनु पर्छ।

(घ) '**नियमावली**' भन्नाले सङ्घीय सरकारले बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ सम्झनु पर्छ।

(ङ) '**कार्यविधि**' भन्नाले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७९ सम्झनु पर्छ।

(च) **'यस कार्यविधि'** भन्नाले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८१ सम्झनु पर्छ।

(छ) **'सामाजिक सुरक्षा कोष'** भन्नाले भन्नाले सङ्घीय सरकारले बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिम स्थापना कोष सम्झनु पर्छ।

(ज) **'न्युनतम आधारभुत पारिश्रमिक'** भन्नाले नेपाल सरकारले बेला बेलामा औद्योगिक क्षेत्रका श्रमिकको लागि तोकेको आधारभुत पारिश्रमिक सम्झनु पर्छ।

(झ) **'गाउँकार्यपालिका'** भन्नाले त्रिवेणी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ञ) **'गाउँपालिका'** भन्नाले त्रिवेणी गाउँपालिका सम्झनु पर्छ।

(ट) **'अध्यक्ष'** भन्नाले त्रिवेणी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ठ) **'उपाध्यक्ष'** भन्नाले त्रिवेणी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ड) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ढ) **'वडा'** भन्नाले त्रिवेणी गाउँपालिकाको सबै वडा कार्यालय सम्झनु पर्छ।

## परिच्छेद-२

## जिम्मेवारी तथा उत्तरदायित्व

### ३. सरकार तथा योगदानकर्ताको जिम्मेवारी र उत्तरदायित्वः

(क) गाउँपालिकामा स्थायी बसोवास गरि गाउँपालिका क्षेत्रभित्र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक तथा स्वरोजगार क्षेत्रमा आवद्ध व्यक्तिहरुलाई गाउँपालिकाले क्रमश सामाजिक सुरक्षा कोषमा आवद्ध गराउँदै लैजानु गाउँपालिकाको जिम्मेवारी रहने छ।

(ख) गाउँकार्यपालिकाले कोषमा योगदान गर्नुपर्ने आवश्यक रकम सुनिश्चिता गरी हरेक आर्थिक वर्षमा नगरसभागाउँसभाबाट विनियोजन गराउनु पर्नेछ।

(ग) छनोटमा परेका श्रमिकहरुको तोकिए बमोजिमको योगदान गर्नुपर्ने रकम सरकार र योगदानकर्ताले कोषमा जम्मा गर्ने दायित्व हुनेछ।तोकिए बमोजिमको रकम सङ्घ र प्रदेश सरकारले उपलब्ध गराउनुपर्ने सम्मको रकम उपलब्ध नभएसम्म गाउँपालिकाले व्यहोर्नेछ।

(घ) गाउँपालिकाले लाभग्राहीहरुलाइ कोषमा आबद्ध गराउनको लागि संघ, मन्त्रालय तथा कोषसँग समन्वय गर्नुपर्नेछ।

(ङ) कोषको प्रणालिमा सूचीकरण तथा अद्यावधिकको काम गाउँपालिकाले गर्नुपर्नेछ।

## परिच्छेद-३

## योगदानकर्ता छनोट तथा सूचीकरण सम्बन्धी व्यवस्था

**४. लाभग्राहि छनोट र सूचीकरणः**

(१) **कोषमा आबद्ध हुन सक्नेः** सामाजिक सुरक्षा योजनामा सहभागी हुन चाहने अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्ति कोषमा आबद्ध हुन गाउँपालिकाले सूचना गरेबमोजिम निवेदन दिनुपर्नेछ।

(२) **निवेदन माग गर्नुपर्नेः** अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिहरुलाइ कोषमा आवद्ध गराउनको लागि गाउँपालिकाले निवेदन माग सहितको सूचना आह्वान गर्नुपर्नेछ।तर यो कार्यविधि लागू हुने पहिलो आर्थिक बर्षको हकमा नगरसभागाउँसभाबाट स्वीकृत पश्चात निवेदन माग गर्ने अवधि पालिकाले तोकेबमोजिम हुनेछ।

(३) **निवेदन दिनुपर्नेः** सूचना आह्वान पश्चात तोकिएको समयावधीभित्र कोषमा आबद्ध हुन चाहेमा सम्बन्धित व्यक्तिले आफू स्थायी बसोबास गर्ने वडा कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ।

(४) वडा कार्यालयमा प्राप्त निवेदन माथि दफा ५ बमोजिमको वडा स्तरीय छानविन समितिले निवेदन उपर छानविन गरि अनुसूची-२ बमोजिमको अङ्क प्रदान गरि गाउँपालिकामा सिफारिस गर्नेछ।

(५) वडा कार्यालयबाट सिफारिस भै आएका लाभग्राहिहरुको विवरण उपर दफा ५ बमोजिमको पालिका स्तरीय छनोट समितिले आवश्यक परिमार्जन गरि कोषमा आबद्ध हुने लाभग्राहीहरुको अन्तिम नामावली प्रकाशन गर्नेछ।

(६) स्वरोजगार क्षेत्रका व्यक्तिहरुको हकमा सम्बन्धित निकायमा दर्ता भए नभएको यकिन गरि दर्ता नभएमा निज स्वरोजगार क्षेत्रमा रहेको सिफारिसपत्र सहित पठाउनेछ।

(७) छनोट भएका लाभग्राहीहरुलाइ गाउँपालिकाले कोषमा आबद्ध गराइ निरन्तरता दिनेछ र आगामि बर्षहरुमा अन्यलाइ पनि समावेश गर्दै लैजानेछ।

## परिच्छेद-४

## समिति सम्बन्धि व्यवस्था

**५. लाभग्राहि छनोट समितिः**

**१. वडा स्तरीय छानविन समितिको गठनः**

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) सम्बन्धित वडाको निर्वाचित ४ जना सदस्यहरु सबै -सदस्य

(ग) संयोजकले तोकेको समाजिक क्षेत्रबाट १ जना प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

**२. पालिकास्तरीय छनोट समिति:**

(क) गाउँपालिका प्रमुख अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उप्रमुख उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) आर्थिक विकास समितिका संयोजक -सदस्य

(ङ) सामाजिक विकास समितिका संयोजक -सदस्य

(च) संयोजकले तोकेको कार्यपालिका महिला सदस्य -सदस्य

(छ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ज) संयोजकले तोकेको समाजिक तथा वित्तिय क्षेत्रको प्रतिनिधि -सदस्य

(झ) रोजगार सेवा केन्द्र शाखा प्रमुख -सदस्य सचिव

**६. वडा समितिको काम, कर्तव्य र अधिकार:**

क. निवेदकले तोकिएको समयभित्र आवेदन फाराममा भएका सबै विवरण भरी हस्ताक्षर सहितको फाराम आफ्नो स्थायी बसोबास भएको वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

ख. आवश्यक विवरण र कागजात पुरा गरि प्राप्त भएका निवेदनलाइ वडा कार्यालयले दर्ता गरि सङ्कलन गर्नुपर्नेछ ।

ग. संकलित निवेदनको वडा स्तरको समितिले छानविन गरि कोषमा आबद्ध गर्न उपयुक्त श्रमिकहरुको सूची तयार गर्नुपर्नेछ ।

घ. छानविनका क्रममा निवेदकबाट फाराममा उल्लेख भएबमोजिमको सम्पूर्ण विवरण प्राप्त भएको नपाइएमा वा प्राप्त विवरणहरु अपूर्ण भएमा वा आवेदक अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक भए नभएको, आर्थिक रुपले विपन्न भए नभएको जानकारी प्रष्ट हुन नसकेमा वडा कार्यालयले निवेदकबाट आवश्यक थप विवरणहरु माग गर्न सक्नेछ ।

ङ. थप विवरण माग गर्दा समेत सम्बन्धित व्यक्तिले सबै विवरणहरु उपलब्ध नगराएमा वडा कार्यालयले निजको निवेदनलाइ अपूर्ण मानी सो उपर कुनै कारवाही अघि नबढाउन सक्नेछ ।

**७. वडा समितिले सिफारिस गर्नुपर्ने:** वडा कार्यालयले प्रारम्भिक छानविन गरि तयार पारेको कोषमा आवद्ध हुन मापदण्ड पुरा गर्ने व्यक्तिहरुको निवेदन सहितको सूची वडा स्तरिय समितिबाट निर्णय गराइ सिफारिस गर्नुपर्नेछ ।

८. **<u>पालिका स्तरिय छानविन समितिको काम, कर्तव्य र अधिकारः</u>**

क. वडा कार्यालयले प्रारम्भिक छानविन गरि तयार पारेको कोषमा आवद्ध हुन मापदण्ड पुरा गर्ने व्यक्तिहरुको निवेदन सहितको सूचि वडा स्तरिय समितिबाट निर्णय गराइ सिफारिस भएका निवेदन उपर छानविन गर्नेछ ।

ख. मापदण्डमा नपरेका निवेदनहरु कोषमा आवद्धताको लागि अगाडि बढाउन सक्ने छैन ।

ग. पालिकाले कोषमा आवद्ध गराउने व्यक्तिहरुको सूची तयार पारि निर्णय गर्नेछ ।

घ. सूचीमा पर्ने व्यक्तिहरुलाई मात्र सरकारले योगदान गर्नुपर्ने रकमको सहुलियत प्राप्त गरि कोषमा आवद्ध हुन सक्नेछन् ।

## परिच्छेद-५
## <u>विविध</u>

९. **<u>योगदान रकम उपलब्ध गराउनेः</u>** नियमावली तथा कार्यविधिमा तोकिए बमोजिमको योगदान रकम गाउँपालिकाले बजेटको सुनिश्चिता गरि कोषको नाममा जम्मा गरिदिनेछ।

१०. **<u>कोषमा आबद्ध हुन सक्नेः</u>** अनौपचारिक क्षेत्रका श्रमिकको योगदान गर्नुपर्ने रकम ऐन, नियमावली तथा कार्यविधि बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जम्मा गर्नुपर्ने रकम भन्दा कम रकम जम्मा गरिदिने वा त्यस्तो रकम जम्मा नगरिदिने अवस्थामा योगदानकर्ता आफैले त्यस्तो बाँकी रकम समेत आफै योगदान गर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागि हुन सक्नेछ।

११. **<u>पारिश्रमिक नपाएको अवधिको योगदान सम्बन्धी व्यवस्थाः</u>**

क) कुनै श्रमिकले कुनै कारणले पारिश्रमिक नपाउने अवस्था सृजना भई नियमित रुपमा कोषमा जम्मा गर्नुपर्ने योगदान जम्मा गर्न नसक्ने भएमा त्यस्तो श्रमिकको बढीमा तीन महिनासम्म निजले जम्मा गर्नुपर्ने योगदान गाउँपालिकाले सूचीकृत श्रमिकको नाममा कोषमा जम्मा गरिदिन सक्नेछ।

ख) उपदफा (क) बमोजिम जम्मा गरिदिएको योगदानबापतको रकम सूचीकृत श्रमिकले आर्जन गर्न सक्ने अवस्था हुने भएपछि तोकिए बमोजिम कट्टा गर्न सक्नेछ ।

१२. **<u>श्रमिकले योगदान रकम बुझाउनु पर्नेः</u>** श्रमिकले कार्यविधिले तोकिएबमोजिमको योगदान रकम समयमा नै जम्मा गर्नु पर्नेछ अन्यथा सरकारद्वारा कोषमा जम्मा हुने रकम जम्मा हुनेछैन ।

१३. **<u>सुविधा र सहुलियतः</u>** कोषमा आबद्ध भएका लाभग्राहीहरुले कोषको ऐन, नियमावली तथा कार्यविधिमा तोकिए बमोजिमको सेवा, सुविधा र सहुलियत प्राप्त गर्नेछन् ।

१४. **<u>बजेट व्यवस्थापन र कार्यान्वयनः</u>**

१) गाउँपालिकाले आफूले छनोट गरेका लाभग्राहीहरुलाइ कोषमा आबद्ध गराउन लाग्ने रकम र त्यसको निरन्तरताको लागि बजेटको व्यवस्था गरि नगरसभागाउँसभाबाट पारित गर्नेछ ।

२) उपदफा १ बमोजिमको बजेटलाइ कार्यान्वयन तथा संचालन गर्नको लागि यस कार्यविधिलाइ आधार मानि त्यसको उपयोग र कार्यक्रम संचालन गर्नेछ ।

**१५.** **व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा भएमा गाउँपालिकाले व्याख्या गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१६.** **कार्यविधि परिमार्जन तथा संशोधन गर्न सक्नेः** गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिलाइ परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ४. को उपदफा (३) सँग सम्बन्धित)

**सामाजिक सुरक्षा कोषमा आवद्ध हुने सूचीमा सूचीकृत हुन दिने निवेदनको ढाँचा**

मितिः ................

श्री वडा कार्यालय,
वडा नं. .......
त्रिवेणी गाउँपालिका
रुकुम पश्चिम।

**विषयः सामाजिक सुरक्षा कोषमा आबद्ध हुन पाउँ ।**

महोदय,

उपर्युक्त विषयको सम्बन्धमा त्रिवेणी गाउँपालिकाले अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिहरुलाइ समाजिक सुरक्षा कोषमा आबद्ध गराउने सम्बन्धी सूचना आह्वान गरे बमोजिम उक्त योजनामा सहभागि हुन म इच्छुक भएको हुँदा **'अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८१'** मा रहेको शर्तमा मञ्जुर भइ लाभग्राही सुचीमा सूचीकृत हुन आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरि सविनय अनुरोध गर्दछु ।

निवेदक
हस्ताक्षरः ..............................
नामथरः ................................
ठेगानाः .................................
सम्पर्क नं.ः ............................

* आवश्यक कागजातहरु
- नागरिकताको प्रतिलिपि
- हालसालै खिचेको १ प्रति पासपोर्ट साइजको फोटो
- आफूले श्रम गर्ने गरेको क्षेत्र (जस्तो कृषि, यातायात, निर्माण वा घरेलु कामदार)
- वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनि गरेको सिफारिसपत्र, स्वरोजगार क्षेत्रमा संलग्न व्यक्ति भएमा सम्बन्धीत निकायका दर्ता प्रमाण पत्र वा दर्ता नभएमा स्वरोजगार क्षेत्रमा रहेको वडाको सिफारिसपत्र ।
- बैंक खाता विवरणचेकको प्रतिलिपि

# निवेदन फारम

<u>निवेदकको</u>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | | बिचको | | अन्तिम | |
| नामथर | | | | | | | |
| बाबुको नाम | | | | | | | |
| आमाको नाम | | | | | | | |
| पतिपत्नीको नाम | | | | | | | |
| बाजेको नाम | | | | | | | |
| ईच्छ्याएको व्यक्तिको नाम | | | | | | | |
| जन्म मिति | | | | लिङ्ग | | पुरुष | महिला |
| नागरिकता नं. | | जारी जिल्ला | | जारी मिति | | | |
| स्थायी लेखा नं. | | ब्लड ग्रुप | | कार्यस्थल शुरु नियुक्ति मितिः | | | |
| स्थायी ठेगाना | | | | | | | |
| प्रदेश | | जिल्ला | | गा.पा. | | | |
| टोल | | वडा नं. | | ब्लक नं. | | | |
| टेलिफोन नं. | | मोबाइल नं. | | इमेल | | | |
| स्वरोजगार क्षेत्रका श्रमिकले मात्र भर्ने | | | | | | | |
| व्यवसायको नाम | | | | व्यवसायको ठेगाना | प्रदेश | जिल्ला | स्थानीय तह |
| | | | | | | | |
| मासिक योगदान रकम | रु. | | | | वडा नं. | टोल | |
| | | | | | | | |

माथि उल्लेखित विवरणहरु ठिक साँचो हो । फरक परे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको दस्तखतः

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसूची-२

(दफा ४. को उपदफा (४) सँग सम्बन्धित)

**अनौपचारिक श्रमिकहरुको छनोटको आधारहरु**

| क.सं. | श्रमिकको नाम | आफ्नै घर | परिवारमा अन्य रोजगार | कृषि उत्पादन वा आम्दानीले खान पुग्ने महिना | आश्रित परिवारको सदस्य संख्या | घरमूली एकल महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | छैन(२५)छ(घरको वनावट अनुसार १ देखि २० सम्म) | छैन(२०)छ(०) | प्राप्ताङ्क=३६-खान पुग्ने महिना×३ | प्रति आश्रित सदस्यको २ अङ्क(बढीमा १४ अङ्क) | हो(५) होइन(०) | १०० |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |